# सिद्धार्थनगरपालिकाबाट यही भाद्र १ गते देखि कार्यान्वयनमा ल्याइने क्षतिपूर्ति सहितको नागरिक वडापत्र सम्वन्धमा जारी गरिएको प्रेश विज्ञप्ती

**नागरिक बडापत्रको अवधारणा :** **मिति २०७१ /४/३०**

बेलायतका तत्कालीन प्रधानमन्त्रीजोन मेजरले नागरिक बडापत्रको आविष्कार गरेका थिए । सेवा प्रवाहमा अवधारणात्मक परिवर्तन र परिवर्तनको लागि सुव्यवस्थित दवावको माध्यमबाट सेवा प्रवाहको पुरातन शैली र प्रकृयामा सुधार ल्याउने लहर विश्वमा नै आएको छ । सो अनुरुप People first, Initiative in management performance, Consumer concept, Enterprise style जस्ता अवधारणाहरु आए । यी अवधारणाहरुलाई पच्छ्याउदै असल शासन प्रणालीको लागि नया नयाँ औजारहरुको प्रयोग हुन थाले । खास गरी ग्राहकको चयन, सेवाको गुणस्तर, गुनासो सुनुवाई, उत्तरदायी सेवा, सेवामा पारदर्शीता, सेवामा शिष्टाचार र क्षतिपूर्ती जस्ता विषयहरुले स्थान पाई नागरिक वडापत्र शुरु भयो । नागरिक वडापत्रले सार्वजनिक निकायहरुबाट प्रवाह हुने जनसरोकारका सेवाहरुलाई जनमुखी तथा समयवद्ध वनाउने भएकोले यसको प्रयोग विश्वका अन्य मुलुकहरुले पनि कार्यान्वयनमा ल्याए ।
यसरी नै नेपालमा पनि शुसासन कायम गर्ने मुल ध्येयका साथ नागरिक वडा पत्र कार्यान्वयनमा आएको हो । आजसम्मको अनुभवमा नागरिक वडापत्रको कार्यान्वयनले सावृजनिक सेवाहरुको सुनिश्चितता कायम गरी सेवालाई समयवद्ध वनाई सार्वजनिक निकायहरुबाट प्रवाह हुने सेवाप्रति सेवाग्राहीमा विश्वासको निर्माण गरी अन्ततः सुशासन प्रवर्धन गर्दछ ।
सरकारी कार्यालयहरूले प्रवाह गर्ने सेवाहरूलाई समयबद्ध, नियमित, गुणस्तरीय, जवाफदेही, जनमुखी, छिटो-छरितो र कम खर्चिलो तुल्याउने ध्येयले नेपालमा पनि नागरिक बडापत्रको व्यवस्था प्रारम्भ गरिएको हो । हाल जारी गरिएको क्षतिपूर्तिसहितको नागरिक बडापत्रको उद्देश्य सेवालाई जवाफदेही र विश्वसनीय तुल्याउनु नै हो । यसबाट सम्बन्धित पदाधिकारीहरू बढी जिम्मेवार र उत्तरदायी भई आम जनतामा सेवा प्रवाह गर्न सकुन् भन्ने नै हो ।

## नागरिक बडापत्रको कार्यान्वयनको मुल ध्येय

**"हाम्रो लक्ष जनतालाई आदरपुर्ण र सहयोगपुर्ण सेवा प्रदान गर्नु हो"** भन्ने उक्तिलाई आत्मसाथ गरी जनताका इच्छा र आकांक्षालाई आदर पुर्ण तरिकाले परिपुर्ति गरी सेवाको सुनिश्चिता कायम गर्नको लागि नागरिक वडापत्रको आरम्भ भएको पाईन्छ । सेवा प्रदान गर्ने विषय तथा वृहतस्तरमा सरोकार पक्षहरुको पहुँच तथा औपचारिक रुपमा सार्वजनिक दायित्व, सेवा प्रदानमा खुलापन तथा प्रदान गरिने सेवाको वृहत स्तरमा सूचना प्रवाह सेवाग्राहीहरुलाई सहयोग तथा सत्कार दिईने सेवाहरुकोस्तर अनुसार वास्तविक रुपमा उपलब्ध नगराई सेवा प्रदान नभएमा दावी गर्नसक्ने व्यवस्था नागरिक बडापत्रको मुख्य उद्धेश्य हो । सेवाको गुणस्तरमा सुधार ल्याई नागरिकको सन्तुष्टिको सुनिश्चितता गर्नु नागरिक वडापत्रको मुल ध्येय हो । नागरिक बडापत्रले नागरिक मैत्री संस्कारको निर्माण गर्दछ, जसवाट जनगुनासाहरुको अधिकारयुक्त निकास पनि दिईन्छ । विशेषत नागरिक बडापत्रले सेवा प्राप्तिलाई सरलीकरण गर्ने कुरामा जोड दिन्छ ।

## नागरिक वडापत्रसम्वन्धमा भएको कानूनी व्यवस्थाहरु :

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा २५(१)मा "सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने प्रत्येक सरकारी कार्यालयले सबैले देख्ने ठाँउमा तोकिए बमोजिम नागरिक बडापत्र राख्नुपर्दछ" भन्ने र सुशासन नियमावली, २०६५ को नियम १४ मा "नागरिक बडापत्र कार्यालयको परिसर भित्र सबैले देख्ने गरी उपयुक्त ठाँउमा राख्नु पर्ने" प्रावधान छ । ऐनको दफा २५ (५) अनुसार मनासिब कारण विना सेवाग्राहीलाई हानी नोक्सानी हुन गएमा तोकिए बमोजिम क्षतीपूर्ति दिनुपर्ने प्रावधान छ । भ्रष्टाचार विरुद्धको रणनीति तथा कार्य योजना, २०६५ अन्तर्गतको निकायगत कार्य योजना, २०६७ ले नागरिक बडापत्र कार्यान्वयनको अनुगमनको कार्य गर्न राष्ट्रिय सतर्कता केन्द्रलाई जिम्मेवार निकायमा रुपमा तोकेको छ । यसरी नै सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले नागरिक वडापत्र कार्यान्वयन निर्देशिका जारी गरेको छ

## सिद्धार्थनगर नगरपालिकाले क्षर्तिपूर्ति सहितको नागरिक वडापत्र कार्यान्वयनमा ल्याउनुको मुल उद्धेश्य

सरकारी कार्यालयहरूले प्रवाह गर्ने सेवाहरूलाई समयबद्ध, नियमित, गुणस्तरीय, जवाफदेही, जनमुखी, छिटो-छरितो र कम खर्चिलो तुल्याउने ध्येयले नेपालमा पनि नागरिक बडापत्रको व्यवस्था प्रारम्भ गरिएको हो । हाल जारी गरिएको क्षतिपूर्तिसहितको नागरिक बडापत्रको उद्देश्य नगरपालिकाबाट प्रवाह हुने सेवालाई जवाफदेही र विश्वसनीय तुल्याउनु नै हो । यसबाट सम्बन्धित पदाधिकारीहरू बढीजिम्मेवार र उत्तरदायी भई आम जनतामा सेवा प्रवाह गर्न सकुन् भन्ने नै हो । यही अवधारणालाई सार्थक रुपमा व्यवहारमा ल्याई नगरपालिकाबाट प्रवाह हुने सेवाहरुलाई समयवद्ध गरी सेवाको सुनिश्चितताको लागि पहिलो चरणमा वडास्तरबाट

प्रवाह भई आएका ३० सेवाहरु मध्ये चारवटा महत्वपूर्ण सेवाहरु तथा नगरपालिकास्तरबाट प्रवाह भई आएका ४४सेवाहरु मध्ये तीनवटा महत्वपूर्ण सेवाहरुमा क्षतिपूर्तिको व्यवस्था गरिएको छ ।
सेवाका विस्तृत विवरण अनुसूचि १ र २ मा छ ।

## वडा समितिको कार्यालयका लागि क्षतिपूर्ति सहितको नागरिक बडापत्र

सेवा सुविधाहरु सरल, सुलभ, मितव्ययी र प्रभावकारी रुपमा विना झन्झट प्राप्त गर्नको लागि सेवाग्राहीले पेश गर्नु पर्ने आवश्यक कागजातहरु, लाग्ने समय, दस्तुर र शूल्क जानकारी गरी सो पुरा गर्नु पर्ने हुन्छ । यी प्रक्रियाहरु पुरा गरे पछि नागरिकले सेवा समयमा नै सहज रूपले पाउनु उनीहरुको अधिकार हो । जुन अधिकारको हनन भए वापत वडा समितिको कार्यालय मार्फत नगरपालिकाबाट सेवाग्राहीलाई निम्न सेवाहरुमा निम्नानुसार क्षतिपूर्ति दिने गरी व्यवस्था गरिएको छ ।

### अनुसूचि १

| क्र.सं. | सेवाको प्रकृति | आवश्यक कागजात | प्रक्रिया र चरण | लाग्ने शुल्क /दस्तुर रु. | लाग्ने समयावधी | जिम्मेवारी | गुनासो सुन्ने अधिकारी | क्षतिपुर्तिको रकम रु |
|---|---|---|---|---|---|---|---|---|
| १ | नेपाली नागरिकताको सिफारिस | • बाबु, आमा वा पतिको ना.प्र.प.को प्रतिलिपि<br>• टोली दर्ताको रेकर्ड प्रतिलिपि<br>• विवाहित भए विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपि<br>• व्यक्तिगत घटना लागू हुनु भन्दा पहिलेको विवाह भएमा विवाह सिफारिस<br>• जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपि<br>• नाम र जन्म मिति खुलेको शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि<br>• बाबु, आमा वा पतिको मृत्यु भएको भए, मृत्यु दर्ता प्रमाण पत्रको प्रतिलिपि<br>• बाबु, आमा वा पतिको मृत्यु भएको भए सनाखत गर्ने प्रयोजनका लागि एकाघरको नजिकको दाजु/भाई वा काका/काकी र सासु वा देवर वा जेठाजु वा जेठा बाबा वा ससुरा आदि नाता खुलेको प्रमाणको प्रतिलिपि<br>• विवाहित भए माइती तर्फको बाबु, आमा वा दाजु वा भाई मध्ये कसैको ना.प्र.प.को प्रतिलिपि ।<br>• बसाई सराई गरी आएको भए सो को प्रमाण पत्रको प्रतिलिपि र जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि ।<br>• दुबै कान देखिने पासपोर्ट साइजको फोटो २ प्रति<br>• सरसफाई परिचय पत्र<br>**बैवाहिक अंगिकृत नागरिकताको हकमा**<br>• पतिको ना.प्र.प.को प्रतिलिपि<br>• विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपि<br>• जन्म भएको देश स्थित नागरिकता दिने कार्यालयमा नागरिकता त्यागेको वा त्याग्न कारवाही चलाएको निवेदनको प्रतिलिपि र सोको निवेदन हुलाकद्वारा सम्बन्धित देशमा पठाउँदाको रजिष्ट्री चिठ्ठीको रसिदको प्रतिलिपि<br>• पतिको मृत्यु भएको भए ससुरा वा सासु वा जेठाजु वा देवर वा एकाघरको नाता खुल्ने नातेदारको ना.प्र.प.को प्रतिलिपि<br>• सरसफाई परिचय पत्र<br>(वैवाहिक अंगिकृत नागरिकताको हकमा) | उल्लेखित कागजातहरु सहित सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ । आवस्यक परेमा स्थलगत सरजमिन तथा अन्य जाँचबुझको आधारमा सिफारिस गरिनेछ । | नगरपरिषदको निर्णय अनुसार | १ बजे भित्र निवेदन दर्ता भएमा सोही दिन सोपछि आएमा भोलिपल्ट | वडाध्यक्ष (वडाध्यक्ष नभएको अवस्थामा वडा सचिव) | नगरपालिकाले तोकेको अधिकृत | ३००/- |

| क्र.सं. | सेवाको प्रकृति | आवश्यक कागजात | प्रक्रिया र चरण | लाग्ने शुल्क /दस्तुर रु. | लाग्ने समयावधी | जिम्मेवारी | गुनासो सुन्ने अधिकारी | क्षतिपुर्तिको रकम रु |
|---|---|---|---|---|---|---|---|---|
| २ | नाता प्रमाणित सिफारिस | **मृतकसंग नाता कायम गर्नु परेमा**<br>● मृतकको मृत्यु दर्ता र नागरिकताको प्रमाण पत्रको प्रतिलिपि वा मृत्यु दर्ता नभएमा मृत्यु सिफारिस<br>● वडा वाहिरको नागरिकता भएमा बसाइँ सराइ प्रमाणपत्रको प्रतिलिपि ।<br>● जस-जसको वीचमा नाता कायम गर्नु पर्ने हो सो संग सम्बन्धित उमेर पुगेको व्यक्तिको हकमा ना.प्र.प.को प्रतिलिपि र नाबालक भएमा जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपि ।<br>● जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि ।<br>● पेन्सनर (पेन्सन पाउने ब्यक्ति) भए नाम, नम्बर र पद खुलेको तथा पति पत्नीको नाम देखिने पेन्सन पट्टाको प्रतिलिपि ।<br>● आवश्यकता अनुसार विवाह दर्ताको प्रमाण पत्रको प्रतिलिपि, घटना दर्ता लागू हुनु भन्दा पहिलेको विवाह भएमा विवाह सिफारिस पत्रको प्रतिलिपि ।<br>● हालै खिचेको फोटो २ प्रति<br>● सरसफाई परिचय पत्र | उल्लेखित कागजातहरु सहित सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ। आवस्यक परेमा स्थलगत सरजमिन तथा अन्य जाँचबुझको आधारमा फोटोहरू सहितको प्रतिवेदन सहित सिफारिस गरिनेछ । | | १ बजे भित्र निवेदन दर्ता भएमा सोही दिन सोपछि आएमा भोलिपल्ट | वडाध्यक्ष (वडाध्यक्ष नभएको अवस्थामा वडा सचिव) | नगर प्रमुख (नगर प्रमुख नभएको अवस्थामा कार्यकारी अधिकृत ) | ३००/- |
| ३. | जन्म दर्ता | ● पिता वा आमाको ना.प्र.प.को प्रतिलिपि ।<br>● पिता वा आमाको मृत्यु भएको भए मृत्यु दर्ता प्रमाण पत्रको प्रतिलिपि<br>● पिता वा आमाको मृत्यु भएको भए एकाघरका नाता खुल्ने व्यक्तिको ना.प्र.प.को प्रतिलिपि ।<br>● बाहिरको बसाइँ सराइ प्रमाण पत्रको प्रतिलिपि<br>● अस्पतालमा जन्म भएको भए अस्पतालको जन्म कार्ड पेश गर्नु पर्नेछ ।<br>● अध्ययनरत भए सोको प्रतिलिपी<br>● सरसफाई परिचय पत्र | उल्लेखित कागजातहरु सहित सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ। आवस्यक परेमा स्थलगत सरजमिन तथा अन्य जाँचबुझको आधारमा दर्ता गरिनेछ। | नियमानुसार | १ बजे भित्र निवेदन दर्ता भएमा सोही दिन सोपछि आएमा भोलिपल्ट | वडा सचिव | नगरपालिकाले तोकेको अधिकृत | ३००/- |
| ४. | चारकिल्ला प्रमाणित | ● ना.प्र.प.को प्रतिलिपि ।<br>● जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि ।<br>● चालु आ.व.को सम्पत्ती कर तिरेको रसिदको प्रतिलिपि ।<br>● नापी नक्शाको प्रतिलिपि (आवश्यक परेमा मात्र)<br>● सरसफाई परिचय पत्र | उल्लेखित कागजात सम्बन्धित व्यक्तिले सम्बन्धित वडाबाट निवेदन ढांचा लिई सोमा सम्बन्धित वडाबाट स्थलगत सर्जमिन गराई वडाको सिफारिस सहित न.पा.मा निवेदन दर्ता गरेमा चारकिल्ला प्रमाणित सिफारिस उपलब्ध गराइनेछ।<br><br>*नोट - विवादित जग्गाको हकमा चारकिल्ला प्रमाणित गरिने छैन ।* | | निवेदन दर्ता भएको २ दिन भित्र | वडा सचिव | नगरपालिकाले तोकेको अधिकृत | ३००/- |

## अनुसूचि २

# नगरपालिका स्तरीय क्षतिपूर्ति सहितको नागरिक बडापत्र

नगरपालिकाले नागरिकको सेवा सुविधाहरु सरल, सुलभ, मितव्ययी र प्रभावकारी रुपमा विना झन्झट जनता समक्ष पुर्याई जनविश्वास अभिबृद्धि गर्ने उद्देश्य राखेको छ । सेवा सुविधाहरु सरल, सुलभ, मितव्ययी र प्रभावकारी रुपमा विना झन्झट प्राप्त गर्नको लागि सेवाग्राहीले पेश गर्नु पर्ने आवश्यक कागजातहरु, लाग्ने समय, दस्तुर र शूल्क जानकारी गरी सो पुरा गर्नु पर्ने हुन्छ । यी प्रक्रियाहरु पुरा गरे पछि नागरिकले सेवा समयमा नै सहज रूपले पाउनु उनिहरुको अधिकार हो । जुन अधिकारको हनन भए वापत नगरपालिकाबाट सेवाग्राहीलाई निम्न सेवाहरुमा निम्नानुसार क्षतिपूर्ति दिने गरी व्यवस्था गरिएको छ ।

| सि. नं. | सेवाको प्रकार | आवश्यक पर्ने कागजात | प्रक्रिया र चरण | लाग्ने शुल्क | लाग्ने समय | जिम्मेवारी | गुनासो सुन्ने अधिकारी | क्षतिपूर्ति को रकम रु. |
|---|---|---|---|---|---|---|---|---|
| १ | नाता प्रमाणित | ● सम्वन्धित वडा कार्यालयको सिफारिस<br>● नागरिकताको प्रमाण पत्रको प्रतिलिपि<br>● नगर वाहिरको नागरिकता भएमा बसाइँ सराइ प्रमाण पत्रको प्रतिलिपि<br>● जस-जसको वीचमा नाता कायम गर्नु पर्ने हो सो संग सम्बन्धित उमेर पुगेको व्यक्तिको हकमा ना.प्र.प.को प्रतिलिपि र नाबालक भएमा जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपि<br>● पेन्सनर (पेन्सन पाउने व्यक्ति) भए नाम, नम्बर र पद खुलेको तथा पति पत्नीको नाम देखिने पेन्सन पट्टाको प्रतिलिपि<br>● आवश्यकता अनुसार विवाह दर्ताको प्रमाण पत्रको प्रतिलिपि, घटना दर्ता लागू हुनु भन्दा पहिलेको विवाह भएमा विवाह सिफारिस पत्रको प्रतिलिपि<br>● मृतक स“ग नाता प्रमाणित गर्नु पर्ने भएमा मृत्युदर्ताको प्रतिलिपी<br>● २ प्रति फोटो<br>● सरसफाई परिचय पत्र | उल्लेखित कागजातहरु सहित सम्बन्धित वडा मार्फत निवेदन लिई सो निवेदनमा सम्बन्धित वडाका वडाध्यक्ष (वडाध्यक्ष नभएको अवस्थामा सचिव) को सिफारिस गर्राई न.पा.मा निवेदन दिएमा सो निवेदन सन्दर्भमा अनिवार्य रुपमा स्थलगत सरजमिन तथा अन्य जाँचबुझ (आवश्यकता अनुसार प्रहरी प्रतिवेदन लिई) गरी प्रमाणित गरिनेछ ।<br><br>नोट :<br><br>यसरी जाँचबुझ गर्दा पनि केही कुराहरु अष्पष्ट देखिन आएमा सोको पुष्टि नभए सम्म नाता प्रमाणित गर्न न.पा. बाध्य हुने छैन । | नेपाली मा ३७५।००<br><br>अग्रेजीमा रु ६२५।०० | निवेदन दर्ता भएको मितिले २ दिन | प्रशासन शाखा | नगर प्रमुख | ३००। |
| २ | चारकिल्ला प्रमाणित | ● सम्वन्धित वडा समितिको सिफारिस<br>● ना.प्र.प.को प्रतिलिपि ।<br>● जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि ।<br>● चालु आ.व.को सम्पत्ती कर तिरेको रसिदको प्रतिलिपि ।<br>● नापी नक्शाको प्रतिलिपि ( आवश्यकता अनुसार)<br>● सरसफाई परिचय पत्र | उल्लेखित कागजात सम्बन्धित व्यक्तिले सम्बन्धित वडाबाट निवेदन ढांचा लिई सोमा सम्बन्धित वडाबाट स्थलगत सर्जमिन गराई वडाको सिफारिस सहित न.पा. मा निवेदन दर्ता गरेमा चारकिल्ला प्रमाणित सिफारिस उपलब्ध गराइनेछ । | विक्रि प्रयोजनको लागी ६२५।००<br><br>अन्य प्रयोजनको लागी २५०।०० | निवेदन दर्ता भएको २ दिन | जग्गा उपशाखा | नगर प्रमुख | ३००। |

| सि. नं. | सेवाको प्रकार | आवश्यक पर्ने कागजात | प्रक्रिया र चरण | लाग्ने शुल्क | लाग्ने समय | जिम्मेवारी | गुनासो सुन्ने अधिकारी | क्षतिपूर्ति को रकम रु. |
|---|---|---|---|---|---|---|---|---|
| | | | *नोट - विवादित जग्गाको हकमा चारकिल्ला प्रमाणित गरिने छैन ।* | | | | | |
| ३ | अस्थायी नक्शा पास | ● ना.प्र.प.को प्रतिलिपि<br>● जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि<br>● चालु आ.व.को सम्पत्ती कर तिरेको रसिदको प्रतिलिपि<br>● प्रमाणित फाइल नक्शा वा नापी नक्शाको प्रतिलिपि<br>● राजिनामाको प्रतिलिपी<br>● चारकिल्ला प्रमाणित प्रतिलिपि<br>● सरसफाई परिचय पत्र(दोस्रो घर निर्माण गर्ने भएमा मात्र) | ● न.पा. द्वारा निर्धारित मापदण्ड तथा प्रचलित नियम अनुसारको नक्शा तयार पारी घरधनीले पेश ।<br>● लाग्ने दस्तुर दाखिला गराई दर्ता गराउने र सांध संधियारको नाममा १५ दिने दावी विरोधको सूचना टाँस गराउने, सूचनाको म्याद पूरा भएपछि दावी विरोध नआएमा सम्बन्धित जग्गामा सम्बन्धित वडाध्यक्ष ( वडाध्यक्ष नभएको अवस्थामा सचिव) को रोहवरमा सर्जमिन मुचुल्का गराउने गरी निर्माण कार्यको अस्थायी ईजाजत दिइनेछ । | आर.सि.सि. सिमेन्टको प्रतिवर्ग फिट रु ८।००, सो भन्दा माथी रु १०।००, काठको टाँडी वा काचो ईटा गारोमा प्रतिवर्ग फिट रु १।००, माटो छाप्रो आदिलाईं छुट, कितावमा प्रति ६००।००, प्रतिलिपि दस्तुर १५०।००, पर्खालमा प्रति रनिङ्ग फिट रु १५।००<br>सेवा शुल्क पिचमा १५००।०० कच्चिमा ७००।०० | सर्जिमिन भएर आएको ७ दिन भित्र (नक्सा स्विकृत गर्ने अधिकारी कार्यालय मा उपस्थित भएमा मात्र ) | घरनक्सा शाखा | नगर प्रमुख | ३००। |